# Sindhu Bikash Bank Ltd.
# सिन्धु विकास बैंक लि.

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको ईजाजत पत्र प्राप्त संस्था
(सिन्धुपाल्चोक, काभ्रे र दोलखा जिल्ला कार्यक्षेत्र भएको)

**Head Office :** Barhabise, Sindhupalchok, Nepal
Tel: 011-489245/46/47/48, Fax: 977-11-489247

**Corporate Office:** Banepa, Kavre
Tel: 011-662340/41/51, Fax: 977-11-662346
E-mail: info@sindhubank.com.np
www.sindhubank.com.np


च. नं. ४२४/२०७४/०७५

मिति २०७५।०३।१०

श्री नेपाल राष्ट्र बैंक
विकास बैंक सुपरिवेक्षण विभाग
बालुवाटार, काठमाडौं ।

**विषय : आठौ वार्षिक साधारण सभा बस्ने बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस विकास बैंकको संचालक समितिको मिति २०७५।०३।०९ गते बसेको २१९ औं बैठकको निर्णय बमोजिम यस बैंकको आठौ वार्षिक साधारण सभा तल उल्लेखित मिति,समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल गरि निर्णय गर्न बोलाइएको हुंदा यहांको जानकारीको लागी अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०७५ साल असाढ ३१ गते आईतवार तदनुसार जुलाइ १५, २०१८
समय : विहान १० बजे
स्थान : मिरावल रिसोर्ट एण्ड होटल प्रा. लि. धुलिखेल, काभ्रे ।

**(क) सामान्य प्रस्ताव**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत वार्षिक प्रतिबेदन छलफल गरी पारित गर्ने ।
२) लेखापरिक्षकको प्रतिवेदन सहित आ.व. २०७३/७४ आषाढ मसान्तको वासलात तथा आ.व. २०७३/७४ को नाफा नोक्सान, नगद प्रबाह विवरण, तथा अनुसुचीहरु छलफल गरी पारित गर्ने ।
३) आ.व.२०७४/७५ को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४) संचालक समितिले प्रस्ताव गरे बमोजिम नगद लाभांश रु.१४,७७,९३७७२ (बोनश शेयरमा लाग्ने कर प्रयोजनार्थ ) स्विकृत गर्ने ।

**ख) विशेष प्रस्ताव**

१) संचालक समिति बाट सिफारीश भई नेपाल राष्ट्र बैंकबाट स्विकृत भए बमोजिम बोनस शेयर वितरण गर्न रु. २,८०,८०,८९६।७५ स्विकृत गर्ने

२) बोनस शेयर जारी गर्दा आउन सक्ने भिन्न अंक (Fraction) का सम्बन्धमा आवश्यक निर्णय गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३) विकास बैंकको कार्यक्षेत्र थप २ जिल्ला (चितवन र मकवानपुर) विस्तार गर्ने ।

४) विकास बैंकले विमा अभिकर्ताको (Bancasurance) रुपमा कार्य गर्ने ।

५) नियमावलीको नियम ३२ (१) संचालकको भत्ता र सुविधा सम्बन्धी व्यवस्था संसोधन गर्ने ।

६) उपर्युक्त प्रस्तावहरु पारित भए पश्चात आवश्यक पर्ने बैंकको प्रवन्ध पत्र तथा नियमावलि संशोधन गर्ने ।

७) सिन्धु विकास बैंक र अन्य कुनै उपयुक्त बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने/गाभीने (Merger) वा प्राप्ती (Aquire) गर्ने सम्वन्धमा बैंकको चल अचल सम्पत्ति र दायीत्व तथा कारोवारको मुल्यांकन (Due Diligence Audit -DDA) गर्न मान्यता प्राप्त मुल्यांकनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने, गाभिने प्राप्ती गर्ने सम्वन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र आवश्यक अन्य प्रकृया पुरा गरी सो मा हस्ताक्षर गर्ने अधिकारी तोक्ने लगायतका मर्जर वा प्राप्ती सम्वन्धी अन्य आवश्यक सम्पुर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने ।

८) बैंकको प्रवन्ध पत्र तथा नियमावलीमा संसोधन स्विकृत गर्ने तथा नियमनकारी निकायहरुबाट थपघट/फेरबदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

९) सर्वसाधारणहरुको तर्फबाट ३ जना संचालकहरुको निर्वाचन गर्ने ।

ग) विविध ।

बोधार्थ :
१. श्री नेपाल राष्ट्र बैंक, नियमन विभाग
२. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर
३. श्री धितोपत्र बोर्ड नेपाल, जावलाखेल
४. श्री नेपाल स्टक एक्सचेन्ज, सिंहदरवार
५. श्री सि डि एस क्लियरिङ लि., पुतलीसडक

..............................
कम्पनी सचिव